# बागमती गाउँपालिका

བྷ་ག་མ་ཏི་ གཞུང་སྡེ་ཞིག།

## गाउँ कार्यपालिकाको कार्यालय

बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३ असार ०९ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव सँग सम्बन्धित समिति | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | सुशासन तथा संस्थागत क्षमता विकास | बागमती गाउँपालिकाको आ.व. ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँ सभामा पेश गर्ने । |
| | | बागमती गाउँपालिकाको आ.व. ०८३/०८४ को वार्षिक बजेट स्वीकृत गरी गाउँ सभामा पेश गर्ने । |
| | | बागमती गाउँपालिकाको "आर्थिक विधेयक, २०८३" र "विनियोजन विधेयक, २०८३" स्वीकृत गरी गाउँ सभामा पेश गर्ने । |
| | | बागमती गाउँपालिकाको आ.व. ०८३/०८४ को मध्यमकालीन खर्च संरचना स्वीकृत गरी गाउँ सभामा पेश गर्ने । |
| | | लेखा समिति संयोजकमा ३ नं. वडाका वडा अध्यक्ष नवराज खड्का तोक्ने । |
| | | गाउँ सभाको १९ औं अधिवेशनको कार्यसूची स्वीकृत गर्ने । |
| | | प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि., काठमाडौंले तयार गरेको बागमती गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण सम्न्धी अन्तिम प्रतिवेदन स्वीकृत गर्ने । |
| | | केदार कन्सल्टिङ प्रा.लि., ललितपुरले तयार गरेको बागमती गाउँपालिको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका र क्षमता विकास योजना (२०८३/०८४-२०८५/०८६) सम्बन्धि अन्तिम प्रतिवेदन स्वीकृत गर्ने र लागू गर्ने । |
| २. | पूर्वाधार विकास | आ.व. ०८३/०८४ को लागि जिल्ला दररेट निर्धारण समिति, ललितपुरले, ललितपुर जिल्लाको ज्यालादर तथा निर्माण सामाग्रीहरुको तयार गरेको स्वीकृत जिल्ला दररेटमा ढुवानी सम्बन्धी गाउँपालिकाबाट प्रस्तावित दर रेट थप गरी बागमती गाउँपालिकाले आ.व. ०८३/०८४ को स्थानीय दर रेट कायम गर्ने । |
| | | बागमती गाउँपालिका -७ गिम्दीको मोचेडाँडा गोगनघारी जाने मोटरबाटोको खर्च रकम गाउँपालिकाको विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने । |
| | | गाउँपालिका पार्किङ, गाउँपालिका चमेना गृह, गाउँपालिका सहायता कक्ष निर्माण कार्यको भूक्तानी गर्ने । |
| ३. | सामाजिक विकास | बागमती गाउँपालिका-२ माल्टा, स्थित श्री काली देवी मा.वि. को पूर्वाधार सूरक्षार्थ सी.सी.टी.भी. जडान गरिएको सी.सी.टी.भी.को रकम विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने । |
| ४. | वन वातावरण तथा विपद् व्यवस्थापन | ललितपुर जिल्लामा सम्भावित विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापनको नाममा जिल्ला प्रहरी परिसर, ललितपुरमा दाखिला हुने गरी यस गाउँपालिकाको तर्फबाट खरिद गरिएका विपद् सामाग्रीहरुको रकम गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम शीर्षकबाट भुक्तानी गर्ने । |
| | | अन्तर स्थानीय तह समन्वय एवम् सहकार्य अन्तर्गत बुढानिलकण्ठ नगरपालिका, हात्तीगौंडा, काठमाडौंबाट यस बागमती गाउँपालिकालाई विपद् व्यवस्थापनका लागि प्रदान गरिने भनिएको रु ५,००,०००।— (पाँच लाख) आर्थिक सहायता रकम ग्रहण गर्ने र उक्त आर्थिक सहयोगका लागि बुढानिलकण्ठ नगरपालिकालाई हार्दिक धन्यवाद ज्ञापन गर्ने । |

प्रकाशन मिति :- २०८३/०३/११

लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत